का.जि.प्र.का.द.नं. १००/०५९/६०

२७ असार २०८१,
बिहीबार
11 July 2024,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक १४९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# एमालेमा थप शक्तिशाली ओली

एमालेमा अध्यक्ष केपी शर्मा ओली शक्तिशाली रहँदै आएका छन् । पार्टीले सरकारको नेतृत्व गर्ने बेला अन्य नेताहरूको दोहोरो जिम्मेवारी खोसिँदा ओलीको भने थपिँदैछ । पार्टी र सरकार सञ्चालनको अधिकार आफैँसँग राखेर ओली सुपर पावर अभ्यास गर्न खोज्दैछन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ असार ।

राजनीतिमा नाटकीय उथलपुथल नआए नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली यही असार २८ गतेपछि प्रधानमन्त्री बन्नेछन्। कांग्रेससँगको सहमति अनुसार प्रधानमन्त्री पाउने भएपछि एमाले अध्यक्ष ओली सरकार सञ्चालनको तयारीमा जुटिसकेका छन् ।

ओलीले बुधबार एमालेको सचिवालय बैठक राखे । उक्त बैठकले एमालेमा एक व्यक्ति एक पद लागू गर्ने निर्णय गरेको छ। तर, यो निर्णय एमाले अध्यक्ष ओलीको हकमा भने लागू हुने छैन् ।

दोहोरो जिम्मेवारी नदिइने मापदण्ड अध्यक्ष ओलीको हकमा लागू नहुने गरी एमाले सचिवालयले अन्य नेताहरुको हकमा दोहोरो जिम्मेवारी नदिइने मापदण्ड बनाएको हो । नेताहरूका अनुसार दोहोरो जिम्मेवारी नदिने एमालेको प्रचलनकै विषय हो । विगतमा पनि एमालेले यस्तो अभ्यास गर्ने गरेको छ । तर, पुर्णतः लागू भएको पाईंदैन् ।

अब सरकारको नेतृत्वमा जाने भएपछि मन्त्री छनोट लगायतका विषयलाई व्यवस्थापन गर्न एमालेले दोहोरो जिम्मेवारी नदिने नीति लिएको हो । यसका लागि एमालेले पार्टीमा रहेका नेताहरुको भूगोलको जिम्मेवारीमा समेत केही हेरफेर गरेको छ ।

विभाग प्रमुख, उपप्रमुख, प्रदेश, जनसंगठन, भूगोलको इन्चार्ज फेर्न लागिएको छ । ताकि सरकारमा रहँदा जनतासँगको सम्बन्ध नटुटोस् र नेताहरुले पनि जिम्मेवारी पाएको महसुस गर्न सकुन्।

अध्यक्ष ओलीसँग भने तेहोरो जिम्मेवारी हुनेछ । उनी पार्टी अध्यक्ष, संसदीय दलका नेताका साथ प्रधानमन्त्रीको जिम्मेवारीमा रहनेछन् ।

प्रधानमन्त्री भएपछि मन्त्री छनोटको अधिकार पनि ओलीमै रहनेछ । यसको संकेत गर्दै सचिवालय बैठकमा अध्यक्ष ओलीले मन्त्रालय र मन्त्रीबारे बाहिर चर्चा भएपनि अहिले कुनै निर्णय नहुने बताए ।

कांग्रेस र एमालेको समझदारी अनुसार प्रचण्डले विश्वासको मत लिन असफल भएपछि ओली र कांग्रेस सभापति शेरबहादुर देउवा आलोपालो प्रधानमन्त्री बन्नेछन्। त्यसक्रममा पहिलो पटक ओली प्रधानमन्त्री बन्नेछन् ।

'कांग्रेस एमाले समीकरणमा एकपछि अर्को पार्टीले समर्थन गर्दैछन्' बैठकमा अध्यक्ष ओलीले भने, 'कति दल सरकारमा सहभागी हुन्छन् भन्ने कुनै ठेगान छैन । त्यसैले अहिले नै कति मन्त्रालय कसले लिने र कुन मन्त्रालय कसले पाउने भनेर टुंग्याउन सक्ने कुरा भएन।' >>> पृष्ठ २ मा

# बजेटमा संशोधनको प्रयास

**शिव विक/मध्यान्ह**
काठमाडौं, २६ असार ।

बजेट भन्नाले विनियोजन विधेयक र बजेट आश्रित तीन वटा विधेयक भन्ने बुझिन्छ। बजेट कार्यान्वयन गर्नका लागि बजेट आश्रित विधेयकमा आवश्यक कानुन ल्याइन्छ वा प्रचलित कानुन संशोधन गरिन्छ। तर, यसपटक बजेट आश्रित विधेयकमा संशोधन गर्न लागिएको छ ।

विनियोजन विधेयक संघीय संसदको दुवै सदनबाट पारित भइसकेको छ। बजेट आश्रित विधेयकहरू आर्थिक विधेयक, राष्ट्र ऋण उठाउने विधेयक र भन्सार महसुल विधेयक राष्ट्रिय सभामा बिचाराधीन छ। प्रतिनिधि सभाबाट पारित भएर गएको यी तीन वटा विधेयकमध्ये आर्थिक विधेयकमा राष्ट्रिय सभामा संशोधन प्रयास भएको छ।

सत्ता समीकरण फेरिएसँगै अर्थमन्त्री वर्षमान पुनको आयकर ऐन २०५८ को दफा ५७ मा गर्न लागेको संशोधन गर्ने प्रस्ताव नेपाली कांग्रेस र नेकपा एमालेले राष्ट्रिय सभामा फेल गराउन लागेको हो ।



अर्थमन्त्री वर्षमान पुनले प्रतिनिधि सभाबाट पारित भएको बजेट आश्रित विधेयकको विषयलाई राष्ट्रिय सभाले पनि अनुमोदन गरिदिनुपर्ने आग्रह गरेका छन् । तर एमाले-कांग्रेसका सांसदले मानिरहेका छैनन् ।

आर्थिक विधेयक २०८१ को दफा ३६ (६) मा आयकर ऐनको दफा ५७ (१) मा प्रतिबन्धात्मक वाक्यांश थप गरेर संशोधन गर्न अर्थमन्त्री वर्षमान पुनले गरेको प्रस्तावमाथि राष्ट्रियसभामा संशोधन परेको छ ।

एमाले-माओवादीकै सत्ता समीकरण रहेका बेला असार १७ गते प्रतिनिसभाले पारित गरेर राष्ट्रियसभामा पुगेको आर्थिक विधेयक जस्ताको त्यस्तै पारित गर्न एमालेले अस्वीकार गरेको हो ।

असार १७ गते राति एमालेले माओवादीसँगको सत्ता यात्रा छाडेर कांग्रेससँग मिलेर केपी शर्मा ओलीको नेतृत्वमा नयाँ सरकार बनाउने सहमति गरेसँगै एमाले दफा ५७ संशोधन विरुद्ध उभिन पुगेको हो ।

राष्ट्रियसभाकी एमाले सांसद भगवती न्यौपानले आर्थिक विधेयक २०८१ मार्फत आयकर ऐनमा गर्न खोजिएको संशोधन हटाउनुपर्ने भन्दै संशोधन दर्ता गरेकी छन्। एमालेले सत्ता गठबन्धनको साथ छाडेपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार अल्पमतमा परेको छ। यही बेला बजेट आश्रित विधेयकको एउटा दफा >>> पृष्ठ २ मा

# सहकारी पीडितले खोजे गृहमन्त्री

संसदीय विशेष समितिमा भएको छलफलमा सहभागी सहकारी पीडितहरूले गोर्खा मिडिया प्रालिका अध्यक्ष जीबी राईसँगै उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेका विषयमा चासो राखेका हुन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २६ असार ।

सहकारी पीडितहरू लामो समयदेखि आन्दोलनमा छन् । संसदमा समेत यो विषय उठेपछि गत जेठ १५ गते सहकारी संस्था बचत रकम संसदीय छानबिन विशेष समिति गठन गरेको थियो ।



बुधबार सहकारी संस्था बचत रकम संसदीय छानबिन विशेष समितिले बिभिन्न २९ वटा सहकारी पीडितहरूलाई छलफलमा बोलाएको थियो । उक्त छलकलमा सहभागी पीडितहरूले गोर्खा मिडिया प्रालिका अध्यक्ष जीबी राईसँगै उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेका विषयमा चासो राखे् ।

लामिछाने राजनीतिमा आउनुअघि गोर्खा मिडिया नेटवर्कको सञ्चालक र प्रबन्ध निर्देशक थिए । त्यसबेला उनको नाममा समेत सहकारीबाट रकम गएको देखिएको भएता पनि राजनीतिक दबाबले पुष्टि हुन नसकिरहेको बताउँछन् सूर्यदर्शन सहकारी संस्था पीडित संघर्ष समितिका संयोजक श्रेष्ठ ।

'सहकारीको रकम अपचलनमा गृहमन्त्री रवि लामिछानेको नाम जोडियो । जाहेरी पऱ्यो तर, अगाडि बढेन' श्रेष्ठले समितिसमक्ष प्रश्न गरे, 'यदि ममाथि जिबी >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# सय कामदार पठाउन नसकेका म्यानपावरको नवीकरणको प्रस्ताव क्याबिनेटमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ असार

वार्षिक सय जना कामदार वैदेशिक रोजगारमा पठाउन नसकेका म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरणको वातावरण बनेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले वार्षिक सय जना कामदार पठाउन नपाएका म्यानपावर कम्पनीहरूको इजाजतपत्र नवीकरण गर्न वैदेशिक रोजगार ऐन २०६४ को दफा ८२ अनुसार बाधा अड्काउ फुकाउ आदेश जारी गराउन मन्त्रिपरिषद्मा प्रस्ताव पठाएका छन् ।

मन्त्रालयका प्रवक्ता गोविन्द रिजालले मन्त्री अर्यालले बाधा अड्काउ फुकुवाको अधिकार प्रयोग गर्दै मन्त्रिपरिषद्मा प्रस्ताव पठाएको जानकारी दिए ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वासको मत लिनुअघि बस्ने मन्त्रिपरिषद् बैठकले सय जना नपठाउने म्यानपावरको इजाजत नवीकरण गर्ने निर्णय गर्ने वैदेशिक रोजगार व्यवसायीले अपेक्षा गरेका छन् । हरेक बिहीबार मन्त्रिपरिषद्को बैठक बस्ने गरेको छ । मन्त्रिपरिषद्ले निर्णय गरेमा वार्षिक सय कामदार पठाउन नसकेका करिब २ सय ५० म्यानपावर कम्पनीहरूको अन्य म्यानपावर व्यवसायी सरह इजाजत नवीकरण हुनेछ ।

प्रत्येक असार मसान्तमा म्यानपावर व्यवसायीले इजाजत >>> पृष्ठ २ मा

## मृतकका परिवारलाई विज्ञान एचआरको सहयोग

काठमाडौं/मस- मलेसियामा मृत्यु भएका चितवनका सागर विश्वकर्माको परिवारलाई विज्ञान एचआर म्यानेजमेन्ट प्रा.लि.ले आर्थिक सहयोग गरेको छ । वैदेशिक रोजगारीको सिलसिलामा मलेसियामा मृत्यु भएका विश्वकर्माको परिवारलाई प्रा.लि.ले ३० हजार रुपैयाँ सहयोग गरेको हो ।



विश्वकर्माको परिवारले कानूनअनुसार पाउने क्षतिपूर्ति पाइसकेको छ। आफ्नो कम्पनीले पठाएको कामदारको परिवारलाई दु:खमा सहयोग गरिएको एचआर म्यानेजमेन्ट प्रा.लि.का सञ्चालक सुकबहादुर तामाङले मध्यान्हलाई बताए।

गत वर्ष मलेसिया पुगेका विश्वकर्माले १६ मे २०२४ मा आत्महत्या >>> पृष्ठ २ मा

Vacancy Annoucement

We are hiring a following candidate to support our recruiting and sourcing team to place qualified candidates faster.

Receptionist : 2 (Female)

Requirements:
- Greeting visitors.
- Managing security and telecommunications systems.
- Handling queries and complaints via phone, email and general correspondence.
- Transferring calls as necessary.
- Height should be 5.3 Inch above.
- Minimum +2 Pass with Dynamic & Smart Personality.

Please send your CV: destinyhrgroup2079@gmail.com

DESTINY HR GROUP PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal.
Tel.: 01-5913085, 01-5914085, 9851164801
www.destinyhrgroup.com.np

## विज्ञापन दर/रेट सम्बन्धी सूचना

मध्यान्ह राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रू. २२००/- | रू. २२००/- |
| भित्री पृष्ठ | रू. १७००/- | रू. १४००/- |
| अन्तिम पृष्ठ | रू. १८००/- | रू. १८००/- |
| **वर्गीकृत** | | |
| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
| वर्गीकृत डिस्प्ले | रू. ५०००/- | रू. २५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रू. ३०/- |

ज्याकेट २ पेज रू. १५,00,000/-

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
कमलपोखरी, काठमाडौं । फोन नं.: ०१-५३२६३६६, ५३२८२९८
इमेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com
वेबसाइट: www.madhyanhadaily.com

# परिषद्ले छानबिनको नाममा भ्रम सिर्जना गर्न खोज्यो : रेडक्रस

**लेखनाथ सिकारू/मध्यान्ह**
काठमाडौं, २६ असार

समाज कल्याण परिषद्ले छानबिनको नाममा भ्रम सिर्जना गरेको भन्दै नेपाल रेडक्रस सोसाइटीले आपत्ति जनाएको छ ।

बुधबार काठमाडौंमा पत्रकार सम्मेलन गरी रेडक्रसका अध्यक्ष प्राध्यापक सुदर्शनप्रसाद नेपाल र महामन्त्री भूपतिलाल श्रेष्ठले संयुक्त रूपमा प्रेस विज्ञप्ति जारी गर्दै समाज कल्याण परिषद्ले भ्रम फैल्याउने प्रयास गरेको आरोप लगाएका हुन् ।

समाज कल्याण परिषद्को हवाला दिँदै अनियमितता भएको समाचार विभिन्न सञ्चारमाध्यममा आएपछि आफूहरूले पनि त्यसको स्पष्टीकरण दिन बाध्य हुनुपरेको रेडक्रसका अध्यक्ष नेपालले जानकारी दिए ।

उनले समाज कल्याण परिषद्ले आफूहरूसँग छलफलसमेत नगरी रेडक्रसको छानबिन प्रतिवेदनको नाममा मिडियाहरूमा सार्वजनिक गरेको साथै कन्फ्लिट अफ इन्ट्रेष्ट समेत ख्याल नगरी विज्ञको नाममा पहिला रेडक्रसमा काम गरेका व्यक्तिलाई नियुक्ती गरी दुरासययुक्त काम गरेको भन्दै आक्रोश व्यक्त गरे ।



अध्यक्ष नेपालले रेडक्रस पारदर्शी रहेको र आफूहरूले यसमा राजनीति घुसाउन नदिने बताए । 'हामी पारदर्शी छौं । हामीमा कुनै पनि किसिमको कपट छैन,' अध्यक्ष नेपालले भने, 'कसैलाई पनि हामी ईर्ष्याको भावनाले हेर्दैनौ । त्यसैकारण हामीले भन्ने गरेका छौं । पोलिटिसियन आर वेलकम बट नट पोलिटिक्स ।'

समाज कल्याण परिषद् रेडक्रसको नियमनकारी निकाय भएपनि उसले छलफलसमेत नगरी छानबिनको नाममा त्यस्ता काल्पनिक खालका मिथ्या र झुट समाचार विभिन्न सञ्चारमाध्यममा प्रसारण गराएको आरोप लगाए ।

नेपाल रेडक्रसका महामन्त्री भूपतिलाल श्रेष्ठले विश्व स्वास्थ्य संगठन तथा अमेरिकी खाद्य तथा औषधि प्रशासन (एफडिए) लगायत गुणस्तर मापन गर्ने निकायमा सूचीकृत रिएजेन्ट, परीक्षण र उपकरणको प्रयोगबाट रक्तसञ्चार सेवा प्रवाह हुँदै आएको भन्दै राष्ट्रिय रक्तसञ्चार नीति, २०७१ मा उल्लेख भएअनुसार रक्तदाताको छनोट, रक्तदान प्रक्रिया, रक्तसंक्रमण परीक्षण, उपकरणको मर्मत सम्भार र फोहोर व्यवस्थापनका मापदण्ड पालना गरिएको बताए ।

महामन्त्री श्रेष्ठले ७ प्रदेश, ७७ जिल्ला, १६ सय उपशाखा, ६ हजार बढी सर्कल र १२ लाख बढी स्वयं सेवकमार्फत बाढी, पहिरो, डुबान लगायतका विपदमा खोज, उद्धार र राहत वितरणका काममा रेडक्रसका स्वयंसेवीहरू परिचालन गरिएको र समुदायको जीवन रक्षाका लागि खटिरहेको बताए ।

उनले मानवीय सेवाका क्षेत्रमा क्रियाशील संस्थाको छवि कमजोर पार्ने र भ्रम सिर्जना गर्ने प्रयास भइरहेको प्रति आपत्ति जनाउँदै केही व्यक्तिले रेडक्रसको छवि बदनाम गराउने प्रयत्न गरेकामा चिन्ता व्यक्त गरे ।

वर्तमान केन्द्रीय कार्यसमिति मुलुकको कानुन, विधि, विधान र नियमभित्र भएको उनको भनाइ छ । 'नेपाल रेडक्रस सोसाइटीमाथि छानबिन गर्ने बहानामा कपोलकल्पित, मिथ्यापूर्ण तथ्य सिर्जना गरी कारबाहीको त्रास देखाउने काम प्रचलित कानुन विपरीत छन् । छानबिन समितिको आन्तरिक प्रतिवेदन रेडक्रसलाई प्राप्त नहुँदै विभिन्न पत्रपत्रिकामा प्रकाशित हुँदा आश्चर्यचकित भएका छौँ' जारी विज्ञप्तिमा भनिएको छ । केही दिन यता रेडक्रसमा भ्रष्टाचार र अनियमितता भएको समाचार आएपछि पत्रकार सम्मेलन गरी विज्ञप्ति मार्फत सो को खण्डन गरेको हो ।

# गुल्मीका स्थानीय तहमध्ये रुरुक्षेत्र उत्कृष्ट

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २६ असार



गुल्मीका १२ वटा स्थानीय तहले आर्थिक वर्ष २०८०/८१ को वित्तीय प्रगति सार्वजनिक गरेका छन् । जहाँ रुरुक्षेत्र गाउँपालिकाले सबै भन्दा धेरै वित्तीय प्रगति हासिल गरेको छ । यस गाउँपालिकाले चालूतर्फ ९१.३५ प्रतिशत रकम खर्च गर्दा पुँजीगततर्फ ८६.१८ प्रतिशत खर्च गरी समग्रमा ८९.४३ प्रतिशत रकम खर्च भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेले बताए । समयमै निर्णय गर्ने, योजनाहरु कार्यान्वयनमा लैजाने, निर्माण व्यवसायीलाई क्रियाशिल बनाउनुका साथै कर्मचारीसँग समन्वय गरेर काम गरेपछि वित्तीय प्रगति राम्रो भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेले जानकारी दिए ।

त्यस्तै गुल्मी दरबार गाउँपालिका दोस्रो बनेको छ । उसले चालुतर्फ खर्च ९०.४१ प्रतिशत र पुँजीगततर्फ ८६.३४ प्रतिशत गरी जम्मा ८९.२१ प्रतिशत रकम खर्च भएको प्रमुख प्रशासकीय अधिकृत राजीव पन्थीले बताए ।

त्यस्तै छत्रकोट गाउँपालिकाले चालुतर्फ ८९.२५ प्रतिशत पुँजीगततर्फ ८७.९२ प्रतिशत र समग्रमा ८८.७२ प्रतिशत वित्तीय प्रगति हासिल गरेको गाउँपालिकाले जनाएको छ ।

धुर्कोट गाउँपालिकाले चालुतर्फ ८९.६९ प्रतिशत र पुँजीगततर्फ ८७.१३ प्रतिशत खर्च गरी समग्रमा ८८.४१ प्रतिशत रकम खर्च गरेको प्रमुख प्रशासकीय अधिकृत ज्ञानुराम पन्थीले जानकारी दिए ।

त्यस्तै मदाने गाउँपालिकाले चालुतर्फ ८९.२५ प्रतिशत, पुँजीगततर्फ ८६.१७ प्रतिशत र समग्रमा ८८.३५ प्रतिशत रकम खर्च भएको पालिकाका प्रमुख प्रशासकीय अधिकृत सालिक पन्थीले जानकारी दिए ।

रेसुङ्गा नगरपालिकाको चालुतर्फ ९०.८६ प्रतिशत र पुँजीगत ८१.३५ प्रतिशत गरी जम्मा ८८.२४ प्रतिशत रकम खर्च भएको छ । मालिका गाउँपालिकाले चालूतर्फ ८८.४१ प्रतिशत र पुँजीगततर्फ ८४.९२ प्रतिशत गरी समग्रमा ८७.२२ प्रतिशत रकम खर्च भएको आर्थिक प्रशासन शाखाका प्रमुख रामकुमार केसीले जानकारी दिए । चन्द्रकोट गाउँपालिकाले चालुतर्फ ८५.५७ र पुँजीगततर्फ ८०.१२ प्रतिशत गरी ८२.८५ प्रतिशत रकम खर्च गरेको छ ।

कालीगण्डकी गाउँपालिकाले चालुतर्फ ८४.८६ प्रतिशत र पुँजीगततर्फ ८५.११ प्रतिशत गरी कुल ८४.९३ प्रतिशत रकम खर्च गरेको छ । मुसिकोट नगरपालिकाले चालूतर्फ ८६.६९ र पुँजीगततर्फ ७४.४३ गरि समग्रमा ८२.९० प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । सत्यवती गाउँपालिकाले पनि समग्रमा ८२.५० प्रतिशत वित्तीय प्रगति हासिल गर्दा चालूतर्फ ८५.९१ प्रतिशत र पुँजीगततर्फ ७५.१४ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ ।

त्यस्तै सबैभन्दा कम वित्तीय प्रगति इस्मा गाउँपालिकाको देखिएको छ । इस्माले पुँजीगत खर्च ७७ प्रतिशत र चालू खर्च ८३.४ प्रतिशत गरी समग्रमा ८१.४२ प्रतिशत वित्तीय प्रगती हासिल गरेको छ ।

### एमालेमा...

एमालेमा अध्यक्ष ओली नेतृत्वमा आएदेखि नै शक्तिशाली रहँदै आएका छन् । पार्टीले सरकारको नेतृत्व गर्ने बेला अन्य नेताहरूको दोहोरो जिम्मेवारी खोसिँदा ओलीको भने थपिँदैछ । पार्टी र सरकार सञ्चालनको अधिकार आफैँसँग राखेर ओली सुपर पावर अभ्यास गर्न खोज्दैछन् ।

यसका लागि उनले सरकारमा पनि बढी भन्दा बढी दल सहभागी गराउने प्रयास जारी राखेका छन् ।

बुधबारको सचिवालय बैठकमा अध्यक्ष ओलीले अघिल्लो सचिवालय बैठकबाट आफ्नो नेतृत्वमा बन्ने राष्ट्रिय सहमतिको सरकारका लागि सबै दललाई अपिल गरेको भन्दै दलहरूले समर्थन गर्ने क्रम जारी रहेको बताए ।

'दलहरूले समर्थन गर्ने क्रम पनि जारी छ, असार २८ पछिको सिनारियो हेरेर त्यसपछि बैठक बसेर यी कुराहरुमा छलफल गरौला' ओलीको भनाइ थियो । नेताहरूका अनुसार एमालेबाट ओली नेतृत्वको सरकारमा अर्थमन्त्रीका रूपमा उपाध्यक्ष विष्णु पौडेल जाने सम्भावना छ । यसअघि प्रचण्ड नेतृत्वको सरकारमा पौडेललाई अध्यक्ष ओलीले भौतिक मन्त्रालयको नेतृत्व गर्दै सरकारमा जान भनेका थिए । तर, त्यसवेला पौडेलले आफू पाटीकै काम गर्न इच्छुक रहेको बताएर सरकारमा गएका थिएनन् ।

ओली यसपटक प्रचण्ड नेतृत्वको सरकारमा मन्त्री भएकाहरूलाई दोर्होयाउने पक्षमा छैनन् । त्यसैले पौडेलसहित उपमहासचिव पृथ्वी सुब्बा गुरुङ, सचिव योगेश भट्टराई, विद्या भट्टराई, दीपा शर्मा, तारा लामा तामाङ र सूर्य थापा, जुली महतो, ऋषिकेश पोखरेल लगायतले मन्त्री बन्ने अवसर पाउने सम्भावना रहेको नेताहरू बताउँछन् ।

### बजेटमा...

पनि संशोधन प्रस्ताव असफल गराउन कांग्रेस र एमाले लागेका हुन् ।

आइतबार राष्ट्रियसभामा रहेका एमाले-कांग्रेसका सांसदले न्यौपानेको संशोधन सम्बोधन हुनुपर्ने माग राखेका थिए । दफा ५७ (१) मा भनिएको छ, 'कुनै निकायको विगत तीन वर्ष अघिसम्मको स्वामित्वको तुलनामा पचास प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्नों स्वामित्वको सम्पत्ति वा आफूले वहन गरेको दायित्व निसर्ग गरेको मानिनेछ ।' आर्थिक विधेयकमा उक्त प्रावधानमा प्रतिबन्धात्मक वाक्यांश थप गर्न प्रस्ताव गर्दै भनिएको छ, 'तर साबिकका शेयरवाला तथा साझेदारको शेयर संख्या र पुँजी यथावत रही नयाँ शेयरवाला तथा साझेदार थप भई पुँजी वृद्धि भएको अवस्थामा यो उपदफाको व्यवस्था लागू हुने छैन ।'

यो संशोधनसहित विधेयक यही असार २३ गते नै राष्ट्रियसभाबाट पारित गर्ने सम्भावित कार्यसूचीमा राखिए पनि कांग्रेस-एमाले एक ठाउँमा उभिँदा विधेयक नै फेल हुने भएपछि सरकार पछि हटेको थियो । बिहीबार यो विधेयक पास गर्ने कार्यसूची छ ।

अर्थमन्त्री वर्षमान पुनले प्रतिनिधिसभाबाट पारित भएको बजेट आश्रित विधेयकको विषयलाई राष्ट्रियसभाले पनि अनुमोदन गरिदिनुपर्ने आग्रह गरेका छन् । तर एमाले-कांग्रेसका सांसदले मानिरहेका छैनन् ।

### सहकारी...

राई र रवि लामिछानेलाई जस्तै जाहेरी परेको भए म यहाँ आउन सक्थे ?'

आफूहरूलाई सहकारी पीडक र सरकार एकसाथ रहेको भान हुने गरेको बताए ।

'सहकारी ठग विरुद्धको लडाइँ हामी पीडितहरूले जित्दैनौं जस्तो लाग्न थाल्यो' उनले भने, 'एउटै बिन्ती छ- यहाँहरूले नाम मुछिएका सम्बन्धित व्यक्ति जतिसुकै ठूलो र शक्तिशाली भएतापनि सोधिदिनुपर्‍यो । हाम्रो बचत फिर्ता दिलाइदिनुपर्‍यो ।'

अर्का पीडित हरि पौडेलले रवि लामिछाने गृहमन्त्री हुनु अगाडि बचत फिर्ताको लागि चेक पाएको तर, लामिछाने गृहमन्त्री भएपछि उक्त चेक नै फिर्ता लगिएको गुनासो गरे ।

'एक करोड चालिस लाखको चेक दिएका थिए । त्यसको एक हप्तामै बहालवाला गृहमन्त्री नियुक्त हुनुभयो । उक्त चेक रिर्टन भयो' । स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारीका बतचकर्ता पौडेलले समितिको बैठकमा भने, 'अहिले माग्दा व्यक्तिको पैसा होइन, संस्थालाई भन्नुस् भनेर धम्क्याउँछन् ।'

सुप्रिम बचत तथा ऋण सहकारी संस्था पीडित विजयकुमार नेपाल गृहमन्त्री लामिछानेको नाममा रकम गएको प्रमाण आफूसँग रहेको बताए ।

'रवि लामिछानेको नाममा पैसा गएको प्रमाण छ । तर प्रमाण पुष्टि हुन दिइँदैन किनभने राजनीतिक संरक्षण र दबाब दुवै छ' नेपालले भने । साथै, सहकारीहरूका अडिट समेत फेक रहेको यसमा अडिटरको समेत भूमिका रहेको बताए । छलफलमा संसदीय समितिका सभापति सूर्य थापाले आफूसँग भएको प्रमाण उपलब्ध गराउन आग्रह गरे । 'प्रमाण छ भनेर हुँदैन, समितिलाई दिनुस्' थापाले भने । अर्का बचतकर्ता शालिग्राम दुवाडीले आफूहरूको बचत गरेको रकम गोर्खा मिडिया नेटवर्कमा लगेको बताए । तर गोर्खा मिडिया कम्पनीको नाम आउनेबित्तिकै प्रहरीले अनुसन्धान नगरेको गुनासो गरे ।

'सहारा सहकारीको रकम गोर्खा मिडिया नेटवर्क लगायत विभिन्न कम्पनीमा ५१ करोड गएको छ । ती कम्पनीहरुलाई मुद्दा हाल्दा चितवन प्रहरीले रोकेको छ' उनी प्रश्न गर्छन, 'गोर्खा मिडिया नेटवर्क प्रालिको नाम आउने बित्तिकै मुद्दा रोकिनुपर्ने हो ? किन रोकियो मुद्दा, राज्य किन मौन हुन्छ ?'

लामिछाने गृहमन्त्री बनेपछि नेपाली कांग्रेसले उनले आफूमाथि राज्यका निकायले गर्ने छानबिन प्रभावित पार्न सक्ने हुनाले संसदीय छानबिन हुनुपर्ने माग गरेको थियो । दुई महिनासम्म लगातार संसद अवरोध गरेपछि १५ जेठमा संसदीय छानबिन समिति गठन भएको थियो । १५ जेठ २०८१ गठन भएको सहकारी संस्था बचत रकम संसदीय छानबिन विशेष समितिको सभापतिमा एमालेका सांसद सूर्य थापा छन् । समिति सदस्यहरुमा एमालेकी सरिता भुसाल, कांग्रेसबाट ईश्वरी न्यौपाने र बद्री पाण्डे, माओवादीबाट लेखनाथ दाहाल, रास्वपाबाट शिशिर खनाल र राप्रपा ध्रुबहादुर प्रधान रहेका छन् ।

### सय...

नवीकरण गर्नुपर्छ । २०७५ सालमा तत्कालीन श्रममन्त्री गोकर्ण विष्टको कार्यकालमा व्यवसायीको इजाजत नवीकरण गर्न वार्षिक सय जना कामदार पठाउनुपर्ने कानूनी व्यवस्था आएको हो । तर उक्त कानूनी व्यवस्था हालसम्म एकपटक पनि कार्यान्वयनमा आएको छैन ।

कतिपय अधिकारकर्मीले संख्या तोकेर म्यानपावर कम्पनीलाई विदेशमा कामदार पठाउन बाध्या पार्नु र त्यसैलाई आधार बनाएर व्यवसायीको इजाजत नवीकरण नहुने कानूनी व्यवस्था गर्नु अत्यन्तै अव्यवहारिक कदम भएको टिप्पणी गरिरहेका छन् ।

मन्त्रिपरिषद्ले गरेको निर्णय राजपत्रमा प्रकाशित भएपछि कार्यान्वयनमा आउने प्रावधान छ । चालु आर्थिक वर्षको साढे ११ महिनामा ९ सय २२ म्यानपावर कम्पनीले वैदेशिक रोजगारीमा कामदार पठाएका छन् । प्रतिशतका हिसाबले वार्षिक सय पुर्‍याउन नपाएका म्यानपावर कम्पनीको हिस्सा करिब एकचौथाइ छ ।

वार्षिक सय जना कामदार वैदेशिक रोजगारीमा पठाउन नपाएका कम्पनीको इजाजतपत्र नवीकरणका लागि व्यवसायीको छातासंस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र विभिन्न राजनीतिक दल निकट संघसंस्थाहरूले निरन्तर पहल गरिरहेका छन् । उनीहरूले विगतको व्यवस्थाअनुसार नै आगामी आर्थिक वर्षका लागि इजाजत नवीकरण गरिदिनुपर्ने र उक्त व्यवस्था सधैंभरिका लागि खारेजी हुनुपर्ने माग जोडदाररूपमा गरिरहेका छन् ।

यसअघिका वर्षहरूमा मन्त्रिपरिषद्ले वैदेशिक रोजगार ऐन २०६४ को दफा ८२ प्रयोग गरी बाधा अड्काउ फुकाउ आदेश जारी गरेर इजाजतपत्र नवीकरण गरिदिने व्यवस्था गर्दै आएको छ ।

### मृतकका...

गरेका थिए । आर्थिक अवस्था कमजोर भएका मृतक विश्वकर्माको परिवारमा श्रीमती र दुई वर्षीया छोरा छन् ।

उता धनुषाको जनकपुरधामा उपमहानगरपालिका-१७ का रामआशिष यादव मृत्युदण्डबाट बचेका छन् । एउटै कम्पनीमा काम गर्ने रूपन्देही कन्चन गाउँपालिका-४ का दुर्गाप्रसाद शर्माको हत्या गरेको अभियोगमा मृत्युदण्ड सजाय सुनाइएका यादव पाँच वर्षदेखि साउदीको जेलमा छन् । ब्लडमनी बापत ४६ लाख २५ हजार रुपैयाँ संकलन गरी बुझाएपछि यादवको मृत्युदण्ड मिनाहा हुने छ । साउदी कानूनअनुसार पीडित परिवार र प्रतिवादीबीच ब्लडमनी बुझ्ने सहमति नभए हत्यामा संलग्नलाई मृत्युदण्डको सजाय दिइने कानून छ । मदिरा सेवनपछि झगडा हुँदा यादवले शर्मालाई छुरा प्रहार गरेका थिए । शर्माको सोही चोटले घटनास्थलमै मृत्यु भएको थियो ।

# श्रीसिया सुक्खा बन्दरगाहद्वारा ४६ अर्ब १७ करोड राजस्व संकलन




**महमद सदाब/मध्यान्ह**
वीरगञ्ज, २६ असार

वीरगञ्जस्थित श्रीसिया सुक्खा बन्दरगाह कार्यालयले चालू आर्थिक वर्ष २०८०/८१ को असार २४ गतेसम्म ४६ अर्ब १७ करोड १९ लाख ३३ हजार रुपैयाँ राजस्व संकलन गरेको छ ।

यस अवधिमा कार्यालयले ६५ अर्ब ९४ करोड १ लाख २२ हजार रुपैयाँको लक्ष्य पाएकोमा ७०.०२ प्रतिशत अर्थात् ४६ अर्ब १७ करोड १९ लाख ३३ हजार रुपैयाँ मात्र राजस्व संकलन गरेको हो ।

चालू आर्थिक वर्षको तुलनामा गत आ.व. २०७९/८० मा सोही अवधिसम्म भन्सार कार्यालयले कुल लक्ष्यको ६२.८८ प्रतिशत मात्र राजस्व संकलन गरेको थियो । गत वर्षमा कार्यालयले ६७ अर्ब ४३ करोड ८६ लाख ९४ हजारको लक्ष्य पाएकोमा ४२ अर्ब ४० करोड २२ लाख ९३ हजार रुपैयाँ मात्र राजस्व संकलन गर्न सफल भएको थियो ।

चालू आवमा भन्सार विभागले ६५ अर्ब ९४ करोड १ लाख २२ हजार रुपैयाँ राजस्व लक्ष्य निर्धारण गरेको थियो । यस वर्षको लक्ष्यलाई पूरा गर्नमा समस्या भएको भन्सार कार्यालयका सूचना अधिकारी एवं भन्सार अधिकारी सुशील शर्माले बताए ।

कार्यालयले चालू आवको साउनमा चार अर्ब २४ करोड ६३ लाख ३५ हजार रुपैयाँको लक्ष्य पाएकोमा ९६.०१ प्रतिशत अर्थात् चार अर्ब सात करोड ६९ लाख ९५ हजार रुपैयाँ संकलन गरेको थियो । जेठमा ६ अर्ब ४ करोड ९९ लाख ८७ हजारको लक्ष्यमा ६०.७४ प्रतिशत अर्थात् तीन अर्ब ६७ करोड ४७ लाख ३२ हजार, असारमा पाँच अर्ब ६१ करोड ८० लाखको लक्ष्यमा असार २४ गतेसम्म ४३.७७ प्रतिशत अर्थात् दुई अर्ब ४५ करोड ८८ लाख ६३ हजार राजस्व संकलन भएको छ । चालू आवमा सबैभन्दा कम राजस्व संकलन असार, जेठ, फागुनमा भएको छ भने साउन, भदौ, असोज, मङ्सिर, चैत, माघमा बढी राजस्व संकलन भएको देखिएको छ ।

कार्यालयका सूचना अधिकारी शर्माका अनुसार गत आव भन्दा चालू आवमा मालवस्तुको आयात परिमाण घटेपनि राजस्व वृद्धि भएको छ । उनले चालू आवमा झण्डै १० प्रतिशतभन्दा बढी अर्थात् चार अर्बभन्दा बढी राजस्व संकलनमा वृद्धि भएको जानकारी दिए ।

# युवकको छुरा प्रहार गरी हत्या, दुई जना पक्राउ




**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २६ असार

रौतहटको ईशनाथ नगरपालिकामा छुरा प्रहार गरी एक युवकको हत्या भएको छ । ईशनाथ ९ लवातना गाउँका कईममिया मन्सुरीका छोरा १७ वर्षीय सहबाज मिया आलमको हत्या भएको हो । पेटमा धारिलो हतियार छुरा र रड प्रहार गरी हत्या भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

ईशनाथ २ औरेया स्थित आँपको बगैंचामा युवक घाइते अवस्थामा देखेर मंगलबार राति साढे ९ बजे स्थानीयले प्रहरीलाई खबर गरेका थिए । लगत्तै जिल्ला प्रहरी कार्यालय रौतहटबाट इन्स्पेक्टर उमा शंकर गुप्ताको कमान्डमा १० जना र सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट औरेयाबाट इन्स्पेक्टर दिल बहादुर महराको कमान्डमा ७ जनाको संयुक्त टोली ९ बजेर ३८ मिनेटमा घटना स्थलमा पुग्दा युवकको मृत्यु भइसकेको सशस्त्र प्रहरी रौतहटले जनाएको छ । युवकको जघन्य हत्या भएको खबर अनुसार राति नै जिल्ला प्रहरी प्रमुख एसपी दिलीप घिमिरे, जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरी सहितको टोली घटनास्थलमा पुगेर थप अनुसन्धान शुरु गरेको थियो ।

मृतक आलमलाई गाउँकै केही साथीहरूले मंगलबार साँझ ७ बजे केही काम छ भनेर घरबाट बोलाएर लागेका थिए । त्यसपछि उनको पेटमा छुरा प्रहार गरी हत्या गरिएको थियो ।

हत्यामा संलग्न रहेको आशंकामा प्रहरीले १८ वर्षीय दशई साह र १९ वर्षीय रोशन साहलाई पक्राउ गरेको छ ।

उनीहरुको साथबाट घटनामा प्रयोग भएको रड समेत बरामद गरिएको प्रहरीले जनाएको छ । पक्राउ परेका दई जनालाई ज्यान सम्बन्धी मुद्दामा जिल्ला अदालत रौतहटबाट म्याद थप गरी अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।


## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: MAIS INTERIOR DESIGN L.L.C.    शहर: ABHU DHABI
पूर्व स्वीकृत मिति: २०८१/०३/२६    चलानी नं.: ६०२२२१०२    L.T. No.: 307323

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gypsum Carpenters | 50 | 0 | स. काममा दक्ष | 1300 | ४७,१७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन ३ गते (18 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784, Email: cv.naukrinepal@gmail.com
Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७३/०२/१६ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. १५००८८/०७२/०७३ को **धावा एग्रीकल्चर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/२६ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको ब्यहोरा सम्बन्धित सबै को जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७३/०३/१७ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. १५१६१५/०७२/०७३ को **एन.पी. पोलिक्लिनिक प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/२५ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको ब्यहोरा सम्बन्धित सबै को जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# समितिको निर्णय र निर्देशनलाई कार्यान्वयन गर्नुपर्नेमा जोड

**काठमाडौं/मस-** प्रतिनिधिसभा सदस्यहरूले संसदीय समितिलाई चलायमान र गतिशील तुल्याउन आवश्यक रहेको बताएका छन् ।

पूर्वाधार विकास समितिको बुधबारको बैठकमा सहभागी सदस्यहरूले मुलुकमा राजनीतिक उतारचढाव भइरहेको अवस्थामा विधेयक अघि बढाउन र पूर्वाधार निर्माणबारे अनुगमन गर्न समिति प्रभावकारी छ भन्ने बोध गराउनुपर्ने सुझाव दिए ।

जनमत पार्टीका अध्यक्ष डा.चन्द्रकान्त (सिके) राउतले समितिका बैठक समयमै बस्ने तथा दिइएको निर्णय र निर्देशन कार्यान्वयन भएमा सदस्यहरू उत्साहित हुने मात्र नभइ समितिको ओज पनि बढ्ने बताए ।

उनले,'मुलुकको समग्र बजेट विनियोजन, पूर्वाधार निर्माण तथा पुँजीगत खर्च विनियोजनका हिसाबले जिम्मेवारी र कार्यक्षेत्र ठूलो रहेको हुँदा त्यसमा तालमेल हुने गरी समिति गतिशील हुनुपर्छ ।'

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का नेता तथा सांसद माधव सापकोटाले 'मिनि पार्लियामेन्ट'का रूपमा रहेका अधिकांश संसदीय समिति चलायमान, प्रभावकारी र गतिशील हुन नसकेको बताए ।

'पूर्वाधार निर्माणका लागि विनियोजित पुँजीगत खर्च बढाउन आयोजनाको निरन्तर अनुगमन गरी सरकारलाई समयमै



राय परामर्श प्रदान गर्ने भूमिकामा रहेका संसदीय समिति प्रभावकारी छ भन्ने सन्देश प्रवाह गराउन सक्नुपर्छ, त्यो भएको छैन', उनले भने ।

देश विकासका लागि क्यालेण्डर बनाएर अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याउँदै नेता सापकोटाले कर्मचारीको कार्यसम्पादन मूल्यांकनसमेत आयोजनाको कार्यप्रगतिका आधारमा गरिने परिपाटी विकास गर्नुपर्ने बताए ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का नेता तथा समिति सदस्य ठाकुर गैरेले विकास आयोजनाको समयमा बोलपत्र आह्वान भए नभएको तथा अघि बढाइएका आयोजनाको गुणस्तर अनुगमन र मुख्य जिम्मेवारीमा रहेका विधेयक अघि बढाउन समिति क्रियाशील हुनुपर्ने सुझाव दिए ।

'मनसुन सक्रिय भएसँगै बाढी, पहिरो र डुबानबाट क्षति पुगेका सडकलगायतका पूर्वाधारको मर्मतसम्भार गरी सञ्चालन गर्ने कार्यलाई प्राथमिकता दिन समितिले पनि भूमिका खेल्नुपर्छ', उनले भने ।

समिति सदस्य दिनेशकुमार यादवले सरकारले यस वर्षको बजेटमा कतिपय बहुवर्षीय आयोजनामा बजेट कटौती गरेको भनी आलोचना भइरहेको प्रतिक्रिया दिए ।

उनले भने, 'रु.१८ खर्ब बजेट विनियोजन भइरहँदा कतिपय महत्वपूर्ण आयोजनामा बजेट छुट्याइएन, बजेट र आयोजनाबीच तालमेल भएन । नदी तटबन्धका लागि बजेट विनियोजन नहुँदा बर्सेनि गाउँ नै डुबानमा परी जनता विचल्लीमा परेको अवस्था छ ।'

सोही दलका लक्ष्मी चौधरीले मनसुन सक्रिय भएसँगै बाढी, पहिरो र डुबानको चपेटामा परेका जनतालाई राहत दिन समितिले विशेष पहल गर्नुपर्ने धारणा राखिन् । 'मनसुनपछिको बाढी, पहिरो र डुबानबाट जनता मारमा परेका छन्, उनीहरुलाई राहत दिनुपर्ने बेलामा राजनीतिक दल विश्वासको मतको हानथापमा लागेका छन् । त्यसैले धेरै क्षति भएको ठाउँमा खाली हात होइन केही राहत लिएर जाऔं, त्यसका लागि समितिले नेतृत्व गरोस्', उनले भनिन् ।

एमाले सांसद महेश बस्नेतले चालु आर्थिक वर्षमा पुँजीगत खर्च ५७ प्रतिशतमा सीमित रहेको तर निर्माण व्यवसायीले अर्थ मन्त्रालयबाट ७० अर्ब रकम भुक्तानी पाउन बाँकी रहेको विषयमासमेत ध्यान दिन आवश्यक रहेको बताए ।

सोही दलका निर्मला कोइरालाले बाढीपहिरोबाट अहिले कुन सडक भत्कियो भनिरहँदा कुन बाँकी छ भन्ने प्रश्न गम्भीर हुने बताइन् । उनले भनिन्,'भौगोलिक अवस्थाको ख्याल नगरी जथाभावी सडक खन्ने र टोलटोलमा पुऱ्याउने प्रतिस्पर्धाले जनता काल रुगेर बस्न बाध्य छन् । बर्सातभर पहिरोको त्रास छ, तराईमा पानी नआउने चापाकल बर्सातमा डुबानमा परेर कहाँ छ भनेर खोज्न परिरहेको छ । यी विषयमा हामी गम्भीर बन्नुपर्छ ।'

माओवादी केन्द्रका सांसद उर्मिला माझीले पुँजीगत खर्चलाई पारदर्शी र प्रभावकारी तुल्याउँदै बाढीपहिरोबाट अस्तव्यस्त राजमार्गलाई यथाशीघ्र सञ्चालन गर्नेतर्फ सबैको जोडबल हुनुपर्ने बताइन् ।

# डडेल्धुरा पूर्ण खोप सुनिश्चत जिल्ला घोषणा

**दिपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, २६ असार



सुदुरपश्चिमको केन्द्रमा रहेको डडेल्धुरालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको छ । बुधबार एक औपचारिक कार्यक्रमकाबीच जिल्लालाई पूर्ण खोप सुनिश्चितता जिल्ला घोषणा गरिएको हो ।

कार्यक्रममा सुदूरपश्चिम प्रदेशसभा सदस्य सरस्वती खड्का प्रमुख अतिथि रहेकी थिइन् । खड्काले ब्यानर वाचन गरी जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरेकी हुन् ।

स्वास्थ्य कार्यालय डडेल्धुराका प्रमुख केशर बहादुर साउदले बालबालिकाले पाउनुपर्ने खोपका सबै सूचकांक पूरा भएपछि जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा औपचारिक रुपमै गरिएको बताए । नेपालमा सरकारले १३ प्रकारका खोप निःशुल्क रूपमा उपलब्ध गराउने उनले बताए । यी अधिकांश खोप शिशु जन्मेको १५ महिनाभित्र पूरा गरिसक्नुपर्छ । डडेल्धुरालाई पहिलोपटक २०७२ मा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको थियो ।

डडेल्धुरा जिल्लामा हाल १०६ वटा खोप केन्द्रबाट प्रत्येक महिना २ गतेदेखि ८ गतेसम्म नियमित खोप सेवा प्रवाह हुँदै आइरहेको जनस्वास्थ्य अधिकृत साउदले बताए । उनका अनुसार जिल्लामा जन्मिएदेखि १५ महिनाका २ हजार ६ सय १ र १६ देखि ५९ महिनाका बालबालिकाको संख्या ८ हजार ९२ रहेको छ ।

जिल्लामा खोप छुटेका सबै बालबालिकाहरूलाई वैशाख महिनासम्म राष्ट्रिय खोप तालिका अनुसार पाउनुपर्ने सबै खोप लगाइ वैशाख महिनालाई खोप महिनाको रूपमा मनाइएको थियो ।

खोप कार्यक्रमले बाल मृत्युदर घटाउन, रुग्णता दर घटाउन र अपांगता हुनबाट जोगाउन सफल भएको दाबी गरिएको छ । स्वास्थ्य निर्देशनालय राजपुर डोटीका जनस्वास्थ्य अधिकृत धीरेन्द्र नाथले जिल्लालाई पूर्ण खोप सुनिश्चितता गराउन सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरे । उनले बालबालिकाका लागि खोप उपयुक्त रहेकोले अनिवार्य खोप लगाउनुपर्ने बताए ।

कार्यक्रममा डडेल्धुराका प्रमुख जिल्ला अधिकारी अञ्जन न्यौपानेले जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गर्नमा महिला स्वमंसेविकाको भूमिका अहम् रहेको बताए । उनले सबै बालबालिकालाई खोपको दायरामा ल्याउनुपर्नेमा जोड दिए ।

अजयमेरू गाउँपालिकाका अध्यक्ष उमेशप्रसाद भट्ट(विकास)ले स्वास्थ्य क्षेत्रमा विभिन्न चुनौती थपिएको बताए । उनले ग्रामीण भेगमा रहेका बर्थिङ सेन्टर व्यवस्थित नहुन नसकेको औंल्याए । घामपानी नभनेर सेवामा खटिने स्वास्थ्यकर्मीले पाउने भत्ता माथिबाटै कटौती हुँदै आएकोमा दुःख व्यक्त गरे । उनले प्रदेश सरकारले औषधि पठाउँदा समयमै पठाउनुपर्ने बताए ।

कार्यक्रमकी प्रमुख अतिथि प्रदेशसभा सदस्य सरस्वती खड्काले महिला स्वास्थ्य स्वयंसेविकाहरूले पूर्ण खोप घोषणाका लागि गरेको काम निकै उदाहरणीय र प्रशंसायोग्य रहेको बताइन् । उनले स्वास्थ्य क्षेत्र संवेदनशील भएपनि बजेट कम विनियोजना हुने गरेको बताइन् । उनले आएको बजेटलाई सही ढंगबाट खर्च गर्नुपर्नेमा जोड दिइन् ।

जिल्ला पूर्ण खोप समन्वय समितिका संयोजक गगनसिंह भण्डारीले खोप पाउनु बालबालिका नैसर्गिक अधिकार भएको बताए । स्थानीय सरकारले स्वास्थ्य क्षेत्रमा राम्रो गरेको भन्दै उनले प्रशंसा गरे । खोप कार्ड सुरक्षित राख्न अभिभावकलाई सचेत गराउनुपर्ने उनको भनाइ छ । खोपको प्रभावकारिता सबैलाई बुझाउनुपर्नेमा उनले जोड दिए ।

कार्यक्रममा जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गर्न महत्वपूर्ण भूमिका खेल्ने उत्कृष्ट खोपकर्ता र स्थानीय तहलाई दोसल्ला ओढाएर प्रशंसा पत्रसहित सम्मान गरिएको थियो । प्रमुख अतिथि खड्काले जिल्लालाई पूर्ण खोप सुनिश्चितताको रुपमा घोषणा गर्नु पाउँदा खुसी भएको बताइन् । यस्तै यस अभियानमा निरन्तर खटिने स्वास्थ्यकर्मी, जनप्रतिनिधि र आम नागरिकहरुलाई धन्यवाद समेत ज्ञापन गरेकी छिन् । यस कार्यक्रमले जिल्लामा आम नागरिकहरुको चेतनामा वृद्धि भएको उनको भनाइ छ ।

# नूर दुबई फाउण्डेशनले नेपालमा शुरु गऱ्यो पहिलो टेलिअफ्थाल्मोलोजी परियोजना

**काठमाडौं/मस-** नेपाल नेत्रज्योति संघले नूर दुबई फाउण्डेशनको आर्थिक एवम् प्राविधिक सहयोगमा 'टेलिअफ्थाल्मोलोजी' परियोजना शुरुवात गरेको छ । सो परियोजनाले 'टेलिअफ्थाल्मोलोजी'मार्फत नेपालको दुर्गम क्षेत्रका वासिन्दामा आँखा उपचारको पहुँच बढाउने लक्ष्य लिएको छ ।

तीन वर्षका अवधिमा संघअन्तर्गतका १५ केन्द्रमार्फत परियोजनाले प्राथमिक हेरचाह, विशेषज्ञ परामर्श र तालिमसमेत प्रवाह गर्ने मंगलबार आयोजित कार्यक्रममा जानकारी दिइयो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा रोशन पोखरेल, नेपाल नेत्रज्योति संघका अध्यक्ष प्रा डा चेतराज पन्त, नेपालका लागि यूएईका राजदूत अबदुल्लाह अल सम्सी र नूर दुबई फाउण्डेशनका प्रमुख कार्यकारी अधिकृत डा मनाल तारियामले संयुक्त रूपमा परियोजनाको शुभारम्भ गरे ।

सो अवसरमा सचिव डा पोखरेलले भने, 'गुणस्तरीय स्वास्थ्य सेवा पहुँच विस्तार गर्न मन्त्रालयले उच्च प्राथमिकता दिएको छ । यस लक्ष्यलाई परियोजनाले थप सहयोग गर्ने छ । दिगो विकासका लक्ष्य २०३० प्राप्तिमा आँखा स्वास्थ्य



सेवाको भूमिका अग्रणी छ ।'

फाउण्डेशनका बोर्ड सदस्य एवम् प्रमुख कार्यकारी अधिकृत डा तारियामले भनिन्, 'फाउण्डेशनले नेपाल नेत्रज्योति संघसँगको साझेदारी मार्फत नेपालमा आँखा उपचार सेवा गर्न समुदायमा पुग्न पाउँदा अत्यन्तै गौरवान्वित छौं । यस परियोजनाले आँखा स्वास्थ्य सेवाको प्रवाहलाई रूपान्तरण गर्नुका साथै सेवाको पहुँचलाई बढाई यसलाई दिगो बनाउने विश्वास लिएका छौं ।'

संघका अध्यक्ष प्रा डा पन्तले भने, 'परियोजनाले नेपालको दुर्गम र ग्रामीण क्षेत्रका विपन्न नागरिकलाई अस्पतालको विशेषज्ञ आँखा उपचार सेवासँग जोड्नेछ । टेलिअफ्थाल्मोलोजी उपचार सेवाले बिरामीको घरमै विशेषज्ञ आँखाको हेरचाह सेवा प्रदान गर्ने हुनाले यो बढी प्रभावकारी हुने विश्वास लिएका छौं ।'

कार्यक्रममा संघका महासचिव भरतबहादुर चन्द र कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्रले आँखा उपचार सेवामा संघले गरिरहेका काम एवम् परियोजनाबारे जानकारी दिएका थिए ।

'टेलिमेडिसिन' र 'टेलिअफ्थाल्मोलोजी'ले विद्युतीय सञ्चार र उन्नत प्रविधिको माध्यमबाट स्वास्थ्य सेवा प्रवाहलाई सहज बनाउने जनाइएको छ । बिरामी तथा विशेषज्ञ आँखा चिकित्सक भौगोलिक रूपमा टाढा भएता पनि यो प्रविधिले नजिक बनाई विशेषज्ञ उपचार सेवालाई सहज बनाउने कार्यकारी निर्देशक डा मिश्रले बताए ।

उनका अनुसार यो प्रविधिले चाहेको समयमा तथ्यांक विश्लेषण गर्न, प्रविधिमार्फत निर्देशित उत्कृष्ट आँखा उपचार सेवा प्रदान गर्न, तथ्यांकमा आधारित निर्णय लिन र कुशल एवं उत्कृष्ट बिरामी सेवा प्रवाहलाई जोड दिनेछ ।

संघका अनुसार नेपालमा करिब ६८ लाख मानिस कुनै न कुनै आँखासम्बन्धी समस्यायाबाट ग्रसित छन् । परियोजनाको अन्त्यमा संघद्वारा सञ्चालित १५ आँखा उपचार केन्द्रमार्फत करिब चार लाख ३३ हजार बिरामीलाई प्राथमिक आँखा उपचार सेवा प्रदान गर्ने अपेक्षा गरिएको छ ।

यसैगरी, ८२ हजार आँखाका बिरामीलाई टेलिअफथाल्मोलोजीमार्फत विशेषज्ञ परामर्श सेवा प्रवाह गर्ने छ । परियोजनाले १५ नेत्र सहायक र छ नेत्ररोग विशेषज्ञलाई टेलिअफ्थाल्मोलोजीमा तालिम दिई मानव स्रोत विकासमा पनि सहयोग पुऱ्याउँदै समुदायलाई सशक्त बनाउने अपेक्षा गरिएको छ । साथै परियोजनाले थप १५ आँखा उपचार केन्द्र र दुईवटा विशिष्टिकृत अस्पताललाई जोडेर आँखा स्वास्थ्य पूर्वाधारलाई थप सुधार गर्ने लक्ष्य राखेको छ ।

परियोजनाले दिगो विकासका लक्ष्यहरू ३, ८, ९ र १३ को लक्ष्य प्राप्तिमा प्रत्यक्ष योगदान पुर्याउने महासचिव चन्दले जानकारी दिए । उनले भने, 'टेलिमेडिसिनको प्रयोगले स्वास्थ्य सेवा प्रदान गर्दा लाग्ने लागतलाई उल्लेखनीय रूपमा कम गर्दै र गुणस्तरीय आँखा उपचार सेवामा सुधार गर्ने छ । यसले समुदायको आर्थिक वृद्धिलाई सुनिश्चित गर्ने छ ।'

यस परियोजनाले जलवायु परिवर्तनको प्रभाव कम गर्न हरितगृह ग्यास उत्सर्जन घटाउनसमते सहयोग पुऱ्याउने अपेक्षासमेत लिइएको छ ।

यूएई केन्द्रित फाउण्डेशनले विश्वव्यापी रूपमा रहेको अन्धोपनालगायत आँखासम्बन्धी विभिन्न समस्याको रोकथाम गर्ने उद्देश्य प्राप्तिमा तल्लीन रहेको जनाइएको छ ।

यसैगरी, संघले कुल चार करोड ३६ लाख २६ आँखाका बिरामीलाई उपचार सेवा प्रवाह गरिसकेको छ भने ५१ लाख ३३ हजार छ सय ५९ जनाको आँखाको शल्यक्रिया भइसकेको छ । हाल संघअन्तर्गत देशभरमा २८ आँखा अस्पताल, एक सय ५७ आँखा उपचार केन्द्र तथा ४४ जिल्ला शाखा सञ्चालनमा छन् ।

# 'राष्ट्रिय युवा प्रतिभा सम्मान-२०८१'बाट क्षेत्री सम्मानित

**सुर्खेत/मस-** राष्ट्रिय युवा प्रतिभा सम्मान-२०८१ बाट युगआह्वान राष्ट्रिय दैनिक पत्रिकाका प्रकाशक तथा सम्पादक दीपककुमार बुढा क्षेत्री सम्मानित भएका छन् । युवा तथा खेलकुद मन्त्रालयले सिंहदरबारस्थित मन्त्रालयमा आयोजना गरेको एक समारोहमा उनलाई सम्मान गरिएको हो ।



क्षेत्रीलाई लघु उद्यम, शिक्षा र रोजगारीको क्षेत्रमा अनुकरणीय कार्य गरी नेपाली युवामा सिर्जनशीलता, उद्यमशीलता र सकारात्मक सोच प्रवाहित गर्न पुऱ्याएको योगदानको उच्च मूल्यांकन गर्दै सम्मान गरिएको हो ।

उनलाई युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठले १ लाख रुपैयाँसहित राष्ट्रिय युवा प्रतिभा पुरस्कार २०८१ बाट सम्मानित गरे । मन्त्रालयले हरेक वर्ष विभिन्न विधामा राष्ट्रिय युवा प्रतिभा सम्मान प्रदान गर्दै आएको छ ।

# कमला नदीमा फसेका ६ जनाको सकुशल उद्धार



**मनु यादव निरज/मध्यान्ह**
सिरहा, २६ असार

सिरहाको कल्याणपुर नगरपालिका-६ भोक्रहास्थित कमला नदीमा फसेका चार जनाको मंगलबार सकुशल उद्धार गरिएको छ । दाउरा लिन गएका बेला एक्कासी पानीको बहाव बढेपछि उनीहरु सो नदीको बीच भागमा फसेका थिए ।

घटनाबारे जानकारी पाउनासाथ सुरक्षा बेस कल्याणपुरबाट खटिएको सुरक्षा टोलीले उनीहरुलाई ट्युब बोटको सहायताले सकुशल उद्धार गरेको हो ।

त्यसैगरी सो टोलीले कल्याणपुर नगरपालिका-२ स्थित कमला नदीको बीच भागमा फसेका दुई जनाको पनि सकुशल उद्धार गरेको छ । जेसीबीसहित नदीको बीच भागमा फसेका उनीहरुलाई रबर बोटको सहयोगमा सकुशल उद्धार गरिएको हो ।

**मोटरसाईकल हरायो**

मिति २०८१/०३/०५ गते बिहानी ०३:०० देखि ०५:०० बजेको समयमा ललितपुर जिल्ला ल.पु.म.न.पा.-१३, कुसुन्ती यातायात कार्यालयको पछाडी पार्किङ गरि राखेको अवस्थामा बा.प्र. ०२-०२५ प २६९४ नम्बरको FZ कालो रङको मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनी** : **समिर थापा**
**ईन्जिन नं.** : G3J3E0544235
**च्यासिस नं.** : ME1RG4413M0090877
**सम्पर्क नं.** : **९८१३९०३६९५**

**Ashok Leyland Vehicle Price List** (MRP) (Effective from 11th July, 2024)

| S.N. | Model | MRP |
|---|---|---|
| 1 | 12 MT 200 AW BS6 MDV Bus Chassis | 7,490,000.00 |
| 2 | 12 MT 200 AW R BS6 MDV Bus Chassis | 8,070,000.00 |

IME MOTORS Corporate Office: Kathmandu, Nepal, Tel:+977-1-4955920/4955921
ASHOK LEYLAND

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति: २०८१/०३/२७**

**कृष्ण मनि ट्रान्सफर प्रा.लि**.को मिति २०८१/०३/१४ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कृष्ण लहान ट्रेडर्स प्रा.लि. (प्रा.लि. नं.: ४०५८१)** कायम गर्ने गरी मिति २०८१/०३/१६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०७/१० मा दर्ता भएको **प्रा.लि.नं. २७५५७२** को **जनकपुर अटोल्याण्ड वर्कशप एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि**. नामक कम्पनी यस कार्यालयको मिति २०८१/०३/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



मध्यान्ह
www.madhyanhadaily.com



## सम्पादकीय

# बजेटमाथि नभएको बहस

संघ सहित सातै प्रदेशको बजेट संसद्मा प्रस्तुत भएको छ। संघीय सरकारले ल्याएको बजेटसँग सम्बन्धित विधेयकहरू प्रतिनिधि सभाबाट पारित भएको छ । राष्ट्रिय सभाबाट पारित हुन बाँकी छ । दुवै सदनबाट पारित नभएसम्म बजेट कार्यान्वयनमा जान सक्दैन। तर शीर्ष नेतृत्वको ध्यान बजेटसँग सम्बन्धित विधेयकहरू पारित गर्नेतिर गएको देखिदैन। सम्पूर्ण ध्यान सरकार परिवर्तन गर्नेतिर गएको छ । संसद्का मुख्य दुई दल नेपाली कांग्रेस र नेकपा एमाले नयाँ सरकार गठनको छलफलमा केन्द्रीत छन् । सत्ता सहयात्री दलहरूको संख्या बढाएर राष्ट्रिय सहमतिको सरकार बनाउने प्रयत्नमा नेताहरूले जोड दिइरहेका छन् । कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीले नयाँ सरकारका साझेदार शक्तिहरूबारे लगातार छलफल गरिरहेका छन् ।

संघकै जस्तो परिस्थिति सातै प्रदेश सभामा देखिन्छ। कोशी, गण्डकी, कर्णाली र मधेश प्रदेश सरकारको नेतृत्व परिवर्तन नहुने भएकाले यी प्रदेशहरूमा बजेटमाथि तुलनात्मक बढी ध्यान गएको देखिन्छ । कोशी र कर्णालीमा एमाले, गण्डकीमा कांग्रेस र मधेशमा जनमत पार्टी नेतृत्वको सरकार छ । तर यी प्रदेशहरूमा पनि सत्ता साझेदार शक्ति बदल्नुपर्ने भएकाले बजेटबारे अन्योल छ। बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा त सरकारकै नेतृत्व परिवर्तन हुँदैछ । यी तीन वटै प्रदेशका मुख्यमन्त्रीको राजीनामा तत्कालीन साझेदार दलहरूले मागेका छन् । बजेट पारित नहुँदै मुख्यमन्त्रीहरू अल्पमतमा पर्दा बजेट अन्योलमा परेको छ। बजेट अलपत्र पारेर सरकार परिवर्तनको खेलले नागरिकमा नराम्रो सन्देश गइरेको छ ।

जबकी यो बेला व्यापक छलफल गरेर बजेट पारित भइसक्नुपर्ने थियो । बेलैमा बजेट पारित हुँदाको लाभ बहुआयामिक हुन्छ। राजनीतिक स्थिरताको अर्थपनि समयमा एउटा विधि बमोजिम नागरिक केन्द्रीत बजेट आउनु हो । समयमै बजेट ल्याउने सुनिश्चितता गर्न संवैधानिक व्यवस्था पनि गरिएको छ । तर संविधानले गरेको व्यवस्थालाई दल र तिनका नेताहरूको नियतले असफल बनाउँदै लगेको छ । त्यसरी संवैधानिक व्यवस्थालाई असफल बनाउँदा नेताहरूले सत्ता स्वार्थको लाभ उठाउन सक्लान्। तर त्यसले नागरिकलाई थप निराश बनाउनेछ । अर्थमन्त्रीहरूले सांसदहरू मनाउन बजेट ल्याउनुपर्ने, आफ्नो रूचि अनुसार बजेट नआए सरकार परिवर्तनको खेल सुरू हुने र एउटा सरकार फेरिदा सिंगो मुलक प्रभावित हुने प्रवृत्तिले प्रणालीमै प्रश्न उठेको छ। जबकी बजेटबाट नागरिकको आवश्यकता पूरा हुनुपर्ने हो। नागरिक केन्द्रीत बजेट नआए सांसदहरूले प्रश्न गर्नुपर्ने हो । तर संघदेखि प्रदेशसम्म बजेट संसद्मा अलपत्र बनाएर सरकार परिवर्तनको खेल चल्नु बिडम्बना हो।

# आर्थिक विकासमा पुँजी निर्माण

*जनशक्ति र प्राकृतिक साधनको अनुपातमा पर्याप्त पुँजी नहुनाले नै नेपालमा आर्थिक विकास हुन सकेको छैन ।*

अग्रलेख



● गम्भीर बहादुर हाडा

उत्पादनका विभिन्न साधनहरू मध्ये पुंजी पनि एक हो। यो मानव निर्मित चीज हो। मानिसहरूसँग भएको मुद्रा तथा अरू सम्पत्तिहरू उत्पादनको काममा तथा आम्दानी प्राप्त गर्ने काममा प्रयोग गरिएको छ भने त्यसलाई पुंजी भनिन्छ। पुंजीलाई मोटामोटी तीन वर्गमा वर्गीकरण गरिएको छ- स्थिर पुँजी, चल पुँजी र तरल पुंजी। स्थिर पुंजी भन्नाले ती स्थायी वस्तुहरू पर्दछन्, जसलाई बारम्बार उत्पादन कार्यमा प्रयोग गर्न सकिन्छ र धेरै समयसम्म टिकाउ हुन्छ। जस्तै : मेसिन, औजार, सवारी साधनहरू, फ्याक्ट्री, पार्टपुर्जाहरू स्थिर पुँजी हुन्। चल पुँजी भन्नाले उत्पादन कार्यमा एक पटक प्रयोग गरिएपछि पुनः प्रयोग गर्न नसकिने पुँजीलाई जनाउँछ। पदार्थ र इन्धन मुख्यतः चल पुँजी हुन् । तरल पुँजी खास गरेर व्यवसायको दैनिक आवश्यकता पूरा गर्न सकिन्छ अथवा सङ्कटकालीन स्थितिमा तत्काल प्रयोग गर्न सकिन्छ। नगद मुद्रा वा बैंक मुद्रालाई तरल पुँजीको रूपमा लिइनुको कारण यी मुद्राहरू उत्पादित वस्तुको बिक्रीबाट उपार्जन गरिएकोले नै हो। यस अर्थमा मुद्रालाई पनि पुनः उत्पादनको निम्ति उत्पादनको साधन मानिएको छ।

पुंजी निर्माणको अर्थ हो, देशमा वास्तविक पुंजीगत वस्तुहरूको सञ्चयमा थप गर्नु अथवा मेसिन, औजार पुर्जाहरू, कारखाना, सवारी साधनहरू, विद्युत्, नहर र अन्य पुँजीगत वस्तुहरूको निर्माण देशभित्रै बढाउँदै लग्नु नै पुँजीगत वस्तुको निर्माण गर्नु हो। जसले भविष्यमा पुनः वस्तुको निर्माणमा सहयोग पुऱ्याउँछ। अतः देशमा पुँजीगत वस्तुहरूको निर्माण गरी थप गर्न बचत र लगानी अति आवश्यक छ। पुँजी उत्पादनको एक महत्वपूर्ण साधन हो। आजको युगमा पुँजीलाई यति महत्व दिएको छ कि यो युग नै पुँजीको युग हो भनेका छन्। अर्थात् पुँजी उत्पादनको लागि उत्पादित साधन हो । प्रकृतिले दिएको भूमिलाई हामीले जति चाह्यो त्यति बढाउन या घटाउन सक्दैनौ तर, पुँजीलाई हामीले प्रयास गरी थपघट गर्न सकिन्छ। अर्थात् पुँजी मानिसले बचाउन सक्ने चीज हो। आर्थिक क्रियाकलापको सुरुबाट भविष्यमा उत्पादित वस्तुहरू अरू उत्पादन गर्नमा सहायता पुऱ्याउँछ।

आर्थिक विकासको मुख्य निर्धारक तत्व पुँजी नै हो। पुँजीको ढुकुटीको आधारमा विकासको गति निर्भर रहेको हुन्छ। वास्तवमा पुँजी आधुनिक आर्थिक विकासको साँचो हो। पुँजी मानिसद्वारा निर्माण गरिएको भौतिक वस्तु हो। पुँजी निर्माण चाहिँ बचत तथा लगानीमा निर्भर रहेको हुन्छ। पुँजी संकलन नै आर्थिक विकासको मुख्य तत्व हो । यो पुँजी वर्तमान समयमा उपयोग नगरी पुनः लगानी गर्न उपलब्ध भएको आर्थिक उत्पादन गर्न सहयोग पुऱ्याउने खालको बचत हो । अविकसित र विकासोन्मुख देशहरूमा केवल पुँजीको कोष र नवीनतम औजार र यन्त्रहरूको पूर्तिबाट मात्र त्यसको आर्थिक विकास हुन सक्दैन। अनिवार्य बचत पुँजी निर्माणको महत्वपूर्ण तरिका हो। विकासशील देशमा मानिसको प्रतिव्यक्ति आय कम भएको हुनाले राष्ट्रिय घरेलु बचत न्यून हुन्छ तर, मानिसको उपभोग प्रवृत्ति अत्यन्त बढी हुन्छ। उच्च उपभोग प्रवृत्तिको कारण विनियोगको वाञ्छित दर प्राप्त हुँदैन र पुँजी निर्माण अवरुद्ध हुन्छ। विकासशील देशमा, प्रदर्शनकारी प्रभावको कारण कूल बचत नगण्य हुन्छ। अतः सरकारले जनताको उपभोग प्रवृत्ति र प्रदर्शनकारी प्रभावलाई हतोत्साहित गरेर बचत परिचालन गर्न अनिवार्य बचत नीति अनुसरण गर्दछ।

नेपाल जस्तो विकासोन्मुख देशमा विकसित देशको तुलनामा देशको जनशक्ति र प्राकृतिक साधनको अनुपातमा पर्याप्त पुँजी नहुनाले नै आर्थिक विकास हुन नसकेको देखिन्छ। अतः पुँजी निर्माणको महत्व यस्ता मुलुकहरूमा झन् झन् बढ्दै गएको हुन्छ। जुनसुकै देशको आर्थिक विकास पनि पुँजीको उपलब्धिमा धेरै हदसम्म निर्भर रहेको हुन्छ। पुँजीको संकलनमा वृद्धि हुँदा श्रमिकहरूको उत्पादन दक्षतामा पनि वृद्धि हुन्छ।




*नेपाल जस्तो मिश्रित अर्थव्यवस्था अपनाउने देशमा निजी र सरकारी दुवै क्षेत्रमा पुँजी निर्माण हुनुपर्दछ। पुँजी निर्माणको लागि बचत बढाउनुपर्दछ । यसकारण पुँजी निर्माणको लागि देशमा ऐच्छिक बचतहरूलाई बढाउने प्रयत्न गरिनु पर्दछ।*

उत्पादन क्षमतामा वृद्धि हुनाले देशको कूल उत्पादनमा पनि वृद्धि हुन्छ, जसले गर्दा जनताको जीवन स्तरमा वृद्धि ल्याउँछ।

